**THE WEST BENGAL COUNCIL OF RABINDRA OPEN SCHOOLING**
**MADHYAMIK PARIKSHA (SECONDARY EXAMINATION) JUNE, 2024**

# नेपाली

**(Nepali)**

**(Old Syllabus)**

**Time: 3 Hours 15 Minutes** **Full Marks: 90**

Who registered their names before June, 2023

## (General Instructions for the Examinees)

Candidates should write their Name, Roll No. and Registration No. in their respective answer scripts.

The first 15 Minutes are allotted for reading the question paper. Answers should be in brief and to the point.

Write correct question no. against each answer.

छोटो छरितो वस्तुनिष्ठ उत्तरलाई प्राथमिकता दिइने छ।
अस्पष्ट र अपरिष्कृत लेख तथा हिज्जेगत अशुद्धि भएमा अङ्क घटाइने छ।
प्रश्नका छेउमा दिइएका अङ्कहरू पूर्णाङ्क सूचक हुन्।

Special credit will be given for answers which are brief and to the point.

Marks will be deducted for spelling mistakes, untidiness and bad handwriting. In the right side the marks of questions are given.

## Group-A

(MCQ)

**1.** तल दिइएका प्रश्नहरूमध्ये कुनै *15 वटा* प्रश्नहरूको उत्तर दिनुहोस्: 1×15=15

(i) 'कविशिरोमणि'–को उपाधि प्राप्त गर्ने कवि को हुन्?

(a) लक्ष्मीप्रसाद देवकोटा (b) भानुभक्त आचार्य

(c) लेखनाथ पौड्याल (d) धरणीधर कोइराला

(ii) कवि पुषपलाल उपाध्याय रचित 'देश महिमा' कवितामा 'महिमा' शब्दको अर्थ के हो?

(a) वर्णन (b) महत्त्व

(c) प्रशंसा (d) व्याख्या

(iii) इन्द्रबहादुर राईको कथा लेखनलाई तीन चरणमा विभाजन गरिएको पाइन्छ, तीमध्ये दुईवटा चरणहरू आयामेली र लीलालेखन हो भने अर्को चरण कुन हो?

(a) स्वच्छन्दतावादी (b) अस्तित्ववादी

(c) प्रयोगवादी (d) नारीवादी

(iv) 'आमाबाबु' कुन समासको उदाहरण हो?

(a) द्वन्द्व समास (b) कर्मधारय समास

(c) द्विगु समास (d) बहुब्रीहि समास

(v) 'हवल्दार' कथाको पात्र हवल्दारको वास्तविक नाम के थियो?

(a) रामबहादुर (b) मनबहादुर

(c) धनबहादुर (d) श्यामबहादुर

(vi) 'नेपालीले धोका दिँदैन बाबु' यो कथन कुन पाठबाट लिइएको हो?

(a) रातभरि हुरी चल्यो (b) अनुताप

(c) कालो झोला (d) जुनेली रेखा

(vii) 'अनुताप' कथामा कसलाई 'धर्मीराजा' भनिएको छ?

(a) काशीकाण्ट (b) रामचन्

(c) जयचन् (d) साँइला

(viii) संरचनाका आधारमा कारक कति प्रकारका छन्?

(a) दुई प्रकारका (b) तीन प्रकारका

(c) छ प्रकारका (d) आठ प्रकारका

(ix) चारवटा सगण भएको छन्द कुन हो?

(a) शार्दूलविक्रीडित (b) मालिनी

(c) तोटक (d) झ्याउरे

(x) 'टुप्पी बिक्नु' यस वाग्धाराको अर्थ के हो?

(a) इज्जत गुमाउनु (b) विधवा हुनु

(c) ऋण लाग्नु (d) दोष लाग्नु

(xi) 'तिम्रो नाम के हो?' यस किसिमको वाक्यलाई कस्तो वाक्य भनिन्छ?

(a) निश्चयबोधक वाक्य (b) विधिसूचक वाक्य

(c) आज्ञार्थक वाक्य (d) प्रश्नवाचक वाक्य

(xii) ''तिमी र म त एउटै ड्याङको मुला हौँ, तिम्रो कत्रो माया लाग्छ मलाई'' — यो कथन कुन पाठबाट लिइएको हो?

(a) जुनेली रेखा (b) रातभरि हुरी चल्यो

(c) कालो झोला (d) सङ्गत

(xiii) 'काम गर्ने कालु, मकै खाने भालु' नेपाली लोकोक्तिमा यस किसिमको कथनलाई के भनिन्छ?

(a) उखान (b) तुक्का

(c) वाग्धारा (d) गाउँखाने कथा

(xiv) मत्ता हात्तीको स्त्रीलिङ्गी रूप तल दिइकामध्ये कुन सही हो?

(a) भुनी हात्ती (b) हात्तिनी

(c) ढोई हात्ती (d) पोथी हात्ती

(xv) 'बिहान' कविताका कवि को हुन्?

(a) अगमसिंह गिरी (b) मनप्रसाद सुब्बा

(c) हरिभक्त कटुवाल (d) विरेन्द्र सुब्बा

(xvi) 'दुई उच्छवास' कवितामा कविले सुकेको रुखलाई सदुपयोग गर्न के बनाउने सल्लाह दिएका छन्?

(a) साहुको धन लुकाउने बाकस बनाउनु (b) एकान्त गाउँको खहरेमाथि पुल बनाउनु

(c) दाउराको रूपमा प्रयोग गर्नु (d) चिताको काठ बनाउनु

(xvii) 'जुनेली रेखा' कस्तो उपन्यास हो?

(a) मनोवैज्ञानिक उपन्यास (b) ऐतिहासिक यथार्थवादी लघुउपन्यास

(c) आदर्शवादी उपन्यास (d) विसङ्गतिवादी उपन्यास

(xviii) एकाङ्की भन्नाले के बुझिन्छ?

(a) एक अङ्कमा लेखिएको नाटक (b) पात्रहरू धेरै भएको नाटक

(c) धेरै अङ्कमा लेखिएको नाटक (d) एउटै दृश्य भएको नाटक

(xix) 'हवाइजहाजको पेटभित्र' निबन्धका लेखक को हुन्?

(a) लक्ष्मीप्रसाद देवकोटा (b) राजनारायण प्रधान

(c) पारसमणि प्रधान (d) रामलाल अधिकारी

(xx) 'सङ्गत' कथा केमा आधारित कथा हो?

(a) बाल मनोविज्ञानमा (b) यौन मनोविज्ञानमा

(c) आध्यात्मिकतामा (d) सामाजिक मनोविज्ञानमा

## Group-B

(Short Type Questions)

**2.** तल दिइएका प्रश्नहरूमध्ये कुनै *पाँचवटा* (*5*) प्रश्नका उत्तर लेख्नुहोस्: 3×5=15

(i) 'बिहान' कवितामा कविले कुन देशको महिमा वा प्रशंसा गरेका छन्?

(ii) ''रबरका सस्ता चप्पल जस्तै यो जिन्दगी
बाटामा हिँड्दा हिँड्दै
च्याट्ट टुट्न सक्छ यो जिन्दगी''— प्रस्तुत कवितांशमा निहित भाव स्पष्ट पार्नुहोस्।

(iii) 'देश चिनाउँदै' कविताको मूल भाव स्पष्ट पार्नुहोस्।

(iv) ''अगि बिहान साना बाबुले भात खानलाग्दा त्यो लालुले हेरिराथ्यो, त्यै चोखे लागेको'' — यो कथन कुन पाठबाट लिइएको हो र यस भनाइको आशय के हो?

(v) 'दुई उच्छ्वास' कवितामा कविले 'सुकेको रुख'-को सदुपयोग दुई प्रकारले गर्ने सल्लाह दिएका छन् ती के के हुन्?

(vi) आइन्स्टेनले विश्वलाई के योगदान दिए बुझाएर लेख।

(vii) द्विगु समास केलाई भनिन्छ? उदाहरणसहित परिभाषा लेख्नुहोस्।

(viii) 'जुनेला रेखा' उपन्यासमा वर्णित हट्टा बाहिर भन्नाले के बुझिन्छ, स्पष्ट पार्नुहोस्?

## Group-C

(Essay Type Questions)

**3.** तल दिइएका प्रश्नहरूमध्ये कुनै *पाँच* (*5*) वटा प्रश्नको उत्तर लेख्नुहोस्: 8×5=40

(i) कवि राजेन्द्र भण्डारीको परिचय दिँदै उनीद्वारा रचित 'दुई उच्छ्वास' कविताको मूलभाव स्पष्ट पार्नुहोस्। 4+4

(ii) ''शिरमा सिन्दूर हाली
तारा तारका शिरबन्दी पहिरिई
मुट्ठी मुट्ठी ज्योति छर्दै
सौम्य हिमाल जस्ती बिहान'' — प्रस्तुत पद्यांश कुन पाठबाट लिइएको हो र यस कविताका कविको परिचय दिँदै उक्त पद्यांशको सप्रसङ्ग व्याख्या गर्नुहोस्। 2+2+4

(iii) 'अनुताप' कथाका कथाकार को हुन् र यस कथामा कसले र किन अनुतापको बोध गरेका छन्? 2+6

(iv) आइन्स्टेन को थिए र उनले विश्वमा के के योगदान दिए चर्चा गर्नुहोस्। 2+6

(v) छन्दको परिभाषा दिँदै शिखरीणी छन्दको उदाहरणसहित परिभाषा दिनुहोस्। 2+3+3

(vi) 'जुनेली रेखा' उपन्यासको मालिनीको चरित्र चित्रण गर्नुहोस्। 8

(vii) 'वियोग' नाटकले दिन खोजेको सामाजिक सन्देश के हो वर्तमान अवस्थासँग त्यसको तुलना गर्दै स्पष्ट पार्नुहोस्। 3+5

(viii) अलङ्कारको अर्थ र परिभाषा दिँदा वृत्यानुप्रास अलङ्कारको उदाहरणसहित परिभाषा लेख्नुहोस्। 4+4

(ix) लक्खीदेवी सुन्दासको परिचय दिँदै उनीद्वारा रचित 'जन्मभूमि' कविताको सार लेख्नुहोस्। 8

## Group-D

**4.** तलकामध्ये कुनै *एउटा* अङ्ग्रेजीबाट सरल नेपालीमा अनुवाद गर्नुहोस्ः 5

(i) Indra Bahadur Rai was a Nepali writer and literary critic from Darjeeling India. He has been an active writer for over 60 years and has received the Sahitya Academy Award for his work *Nepali Upanyaska Adharharu* Jagadambashri Puraskar and Agam Singh Giri Smriti Puraskar Rai was one of the most well-known modern authors of Nepali literature. His first novel *Aaja Ramita Cha* was published in 1964. After that, he entered the field of short stories. His first story was published in 1959. His first book *Vipana Katipaya*, a collection of thirty short stories published in 1960.

(ii) Birds which fly to warm countries from cold countries during winter and return to their homes once winter is over are called migratory birds. There are many birds which fly from Tibet, Bhutan, Ladakh-Bhutan, Ladakha-high mountainous regions of Himalayas during winter. Where it is very cold, snow covers the land and it becomes hard to get food and come down to the plain lands.

## Group-E

**5.** निम्नविषयहरूमध्ये कुनै *एउटा* विषयमा पत्र लेख्नुहोस्ः 5

(i) गाउँमा सम्पन्न स्वतन्त्रता दिवस समारोहबारेमा टाढामा रहेका साथीलाई एउटा व्यक्तिगत पत्र लेख्नुहोस्।

(ii) स्थानीय कुनै प्रकाशकलाई पाठ्यक्रममा रहेका पुस्तकहरू मगाउँदै एउटा पत्र लेख्नुहोस्।

## Group-F

**6.** निम्नविषयहरूमध्ये कुनै *एउटा* विषयमा निबन्ध लेख्नुहोस्ः 20

(i) रवीन्द्रनाथ ठाकुर

(ii) वर्तमान भारत देशको स्थिति

(iii) विद्यार्थी जीवनमा सामाजिक सञ्जाल यसको प्रयोग र प्रभाव

(vi) परिवार

———